राक्सिराङ्ग गाउँसभा

एघारौं (हिउँदे) अधिवेशन

बैठक संख्या-१

## गाउँसभाको एघारौं (हिउँदे) अधिवेशनको पहिलो बैठकमा प्रस्तुत "चालु आर्थिक वर्षको अर्धवार्षिक समीक्षा गाउँसभाबाट अनुमोदन गर्ने" सम्वन्धी प्रस्ताव

प्रस्ताव नं. : ०१

मितिः २०७८/०९/३० गते शुक्रबार

स्थानीय तहको सर्वोच्च निकायको रुपमा रहेको गाउँसभालाई कार्यकारिणी संस्थाको रुपमा रहेको गाउँ कार्यपालिकाले र गाउँसभा तथा गाउँ कार्यपालिकाको निर्णयानुसार गाउँ कार्यपालिकाको कार्यालयबाट भए गरेका काम कारवाहीहरु जानकारी गराई स्थानीय सरकार सञ्चालन ऐन, सुशासन ऐन तथा नियमावली वमोजिम पारदर्शितालाई प्रवर्द्धन गर्दै विधिको शासनलाई संस्थागत गर्न राक्सिराङ्ग गाउँ कार्यपालिकाले चालु आर्थिक वर्षको छ महिनामा गरेका काम, कारवाहीको संक्षिप्त समीक्षा गाउँसभाका सदस्यहरुलाई जानकारी गराउँदै चालु आर्थिक वर्षको छ महिनामा भएको तपशिल अनुसारको अर्धवार्षिक समीक्षा अनुमोदन गर्ने ।

### अर्धवार्षिक समिक्षा

### अर्धवार्षिक समिक्षा

वित्तीय क्षेत्रतर्फ चालु खर्च रु. ३४,१४,५६,७४०/ (चौंतीस करोड चौध लाख छपन्न हजार सात सय चालीस) हुने अनुमान गरिएकोमा समिक्षा अवधिसम्म रु. ९,३७,८०,१९८/ (नौ करोड सैंतीस लाख असी हजार एक सय अन्ठानब्बे ) (२७ प्रतिशत खर्च) र पुँजीगत तर्फ रु. २३,०६,२७,७६२/ (तेईस करोड छ लाख सत्ताईस हजार सात सय बैसठी) अनुमान गरिएकोमा समिक्षा अवधिसम्म रु. २,४६,५३,६४८। (करिब ११ प्रतिशत) खर्च भई कुल वजेटको २०.७ प्रतिशत खर्च भएको अवस्था छ । यस गाउँपालिकाको आर्थिक, सामाजिक र भौतिक पूर्वाधार तर्फको अर्धवार्षिक समीक्षा देहाय अनुसार रहेका छन् ।

चालु आ.व. २०७८/७९ को लागि स्वीकृत वजेट अनुसार विषयगत रुपमा अर्धवार्षिक प्रगति विवरण यस प्रकार रहेको छ ।

आ.व. : २०७८/७९ | अवधी : २०७८/०४/०१ देखि २०७८/०९/२५ सम्म

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| क) | आर्थिक विकास | ३,५४,३०,००० | २४,३१,९३६ | ६.८६ | ३,२९,९८,०६४ |
| १ | कृषि | १,४८,८०,००० | ० | ० | १,४८,८०,००० |
| २ | उद्योग | ५३,५०,००० | ३,६७,९७० | ६.८८ | ४९,८२,०३० |
| ३ | सहकारी | ६,५०,००० | ० | ० | ६,५०,००० |
| ४ | जलश्रोत तथा सिंचाई | ९२,५०,००० | १६,९४,३९६ | १८.३२ | ७५,५५,६०४ |
| ५ | वन | ३,००,००० | ० | ० | ३,००,००० |
| ६ | पशुपन्छी विकास | ४७,००,००० | ३,६९,५७० | ७.८६ | ४३,३०,४३० |
| ७ | भूमि व्यवस्था | ३,००,००० | ० | ० | ३,००,००० |
| ख) | सामाजिक विकास | २२,५८,८५,१३० | ५,४५,५५,००६.२० | २४.१ | १७,१३,३०,१२३.८ |
| १ | शिक्षा | १३,२१,००,००० | ४,२४,४५,६६२.९० | ३२.१३ | ८,९६,५४,३३७.१० |
| २ | स्वास्थ्य | ५,२२,८५,१३० | १,०५,९०,२५९.३० | २०.२५ | ४,१६,९४,८७०.७० |
| ३ | खानेपानी तथा सरसफाई | १,६८,००,००० | ७,९०,८५९ | ४.७१ | १,६०,०९,१४१ |

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | भाषा तथा संस्कृति | २,५०,००० | ४८,५८५ | १९.४३ | २,०१,४१५ |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | १,१४,००,००० | ० | ० | १,१४,००,००० |
| ६ | युवा तथा खेलकुद | २१,५०,००० | २,७०,५०० | १२.५८ | १८,७९,५०० |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | १,०९,००,००० | ४,०९,१४० | ३.७५ | १,०४,९०,८६० |
| ग) | पूर्वाधार विकास | १९,८६,१२,६६० | ३,४४,८१,६१३ | १७.३ | १६,४१,३१,०४७ |
| १ | यातयात पूर्वाधार | १५,६२,७६,३९८ | २,८३,८८,६६० | १८.१७ | १२,७८,८७,७३८ |
| २ | भवन, आवास तथा सहरी विकास | ३,५४,६८,७६२ | ५७,४६,४५३ | १६.२ | २,९७,२२,३०९ |
| ३ | उर्जा | २५,००,००० | ० | ० | २५,००,००० |
| ४ | संचार तथा सूचना प्रविधि | २७,४२,५०० | ३,४६,५०० | १२.६३ | २३,९६,००० |
| ५ | सम्पदा पूर्वाधार | ३,७५,००० | ० | ० | ३,७५,००० |
| ६ | विज्ञान तथा प्रविधि | १२,५०,००० | ० | ० | १२,५०,००० |
| घ) | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १,७५,५०,००० | ५४,७४,६४५ | ३१.१ | १,२०,७५,३५५ |
| १ | वातावरण तथा जलवायु | ३,००,००० | ० | ० | ३,००,००० |
| २ | विपद व्यवस्थापन | १,००,००,००० | ४९,८१,८९८ | ४९.८२ | ५०,१८,१०२ |
| ३ | कानुन तथा न्याय | ८,००,००० | १,२०,८०० | १५.१ | ६,७९,२०० |
| ४ | शासन प्रणाली | ७,००,००० | ० | ० | ७,००,००० |
| ५ | तथ्यांक प्रणाली | ३४,००,००० | ८७,४२० | २.५७ | ३३,१२,५८० |
| ६ | गरिवी निवारण | १,००,००० | ० | ० | १,००,००० |
| ७ | प्रशासकीय सुशासन | २२,५०,००० | २,८४,५२७ | १२.६५ | १९,६५,४७३ |
| ङ) | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९,४६,०६,७१२.८८ | २,१४,९०,६४६.३० | २२.७ | ७,३१,१६,०६६.५८ |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९,४६,०६,७१२.८८ | २,१४,९०,६४६.३० | २२.७२ | ७,३१,१६,०६६.५८ |
| कुल जम्मा | | ५७,२०,८४,५०२.८८ | ११,८४,३३,८४६.५० | २०.७ | ४५,३६,५०,६५६.३८ |

त्यसैगरी राजस्व संकलन तर्फ कूल अनुमानित आन्तरिक आय रु. ३,५५,००,०००/(तीन करोड पचपन्न लाख) रहेकोमा हालसम्म रु.१,६०,०३,५७४/(एक करोड साठि लाख तीन हजार पाँच सय चौहत्तर) अर्थात कूल अनुमानको करिव ४५ प्रतिशत राजस्व उठिसकेको अवस्था छ।

**हालसम्मको राजस्व संकलन विवरण :**

| आ.व | महिना | श्रावण २०७८ देखि २०७८ पौष २५ | | |
|---|---|---|---|---|
| सि.नं. | आम्दानी शिर्षक | रकम | अक्षेरुपी | कैफिय |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| १ | वडा कार्यालयको कर तथा दस्तुर | २,८८,६०२ | दुई लाख अठासी हजार छ सय दुई मात्र |
| २ | ढुङ्गा,गिट्टी,वालुवा निकासी कर १-१०० | १,१४,५८,८३९ | एक करोड चौध लाख अन्ठाउँन्न हजार आठ सय उनन्चालीस र अरचालीस पैसा मात्र |
| ३ | गा.पा. अन्तर्गतको दस्तुर,भाडा,शुल्क,जरिवाना,रोयल्टी,जे.सि.वि भाडा | ३०,६५,२३४.३५ | तीस लाख पैसाठी हजार दुई सय चौतीस र पैतीस पैसा मात्र |
| ४ | क्रसर जरिवाना | ११,५०,००० | एघार लाख पचास हजार मात्र |
| ५ | जे.सि.वि भाडा | ३५,००० | पैतीस हजार मात्र |
| ६ | चमेना गृह सञ्चालन भाडा | १२,००० | वाह्र हजार मात्र |
| जम्मा राजस्व रकम | | १,६०,०३,५७५ | एक करोड साठी लाख नौ हजार छ सय पचहत्तर र त्रीयासी पैसा मात्र |
| आ. व. २०७८/७९ को अनुमानीत आन्तरिक आय | | ३,५५,००,००० | तीन करोड पच्पन्न लाख मात्र |
| कुल अनुमानीत आय मध्ये संकलन प्रतिशत | | ४५.०८% | पैंतालिस प्रतिशत |

नदीजन्य पदार्थ संकलन तथा निकासीको आन्तरिक आय ठेक्का प्रकृया अन्तिम चरणमा पुगेको छ।

चालु आर्थिक वर्षमा गाउँसभाद्वारा स्वीकृत आयोजना तथा कार्यक्रम कार्यान्वयनका सन्दर्भमा देहायका प्रमुख समस्या तथा चुनौतिहरु देखिएका छन्।

- प्रि-मनसुन देखिनै सुरु.भएको वर्षा लामो समयसम्म कायम रहँदा विभिन्न वडासम्म सहज पहुँच हुन नसक्नु।
- संघीय तथा प्रदेश सरकारवाट हस्तान्तरित अनुदानहरु समयमै निकासा नहुनु।
- कृषि, पशु विकास लगायतका विषयगत क्षेत्रहरुमा आवश्यक कर्मचारी लोकसेवा आयोगवाट सिफारिस भई समयमै पदपूर्ति हुन नसक्नु।

जनप्रतिनिधि तथा कर्मचारीहरुका लागि विधि निर्माण, राजस्व परिचालन, योजना व्यवस्थापन, अनुगमन मूल्यांकन लगायतका विषयहरुमा समय समयमा तालिम तथा प्रशिक्षण कार्यक्रमहरु समेत सञ्चालन गर्दै योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन मूल्यांकन तथा सोको संरक्षण र दीगो उपयोगमा संलग्न सवै पक्षहरु दत्तचित्त भएर लाग्नसके पूर्वनिर्धारित लक्ष्य हासिलगर्न सकिने देखिन्छ।

**उपरोक्त व्यहोराको पेश हुन आएको प्रस्तावलाई सर्वसम्मत स्वीकृत गर्ने।**

| | | | |
|---|---|---|---|
| (लाल कुमार चेपाङ)<br>वडा सदस्य | (सुर्य वहादुर गोले)<br>वडा सदस्य | (माया देवी सुनार)<br>वडा सदस्य | (खिल बहादुर राना मगर)<br>वडा सदस्य |
| (गोपीलाल चेपाङ)<br>वडा सदस्य | (टिकामाया मगर)<br>वडा सदस्य | (पातली दमाई)<br>वडा सदस्य | (केदार सुवेदी)<br>वडा सदस्य |

Scanned with CamScanner

राक्सिराङ्ग गाउँ सभा
एघारौं (हिउँदे) अधिवेशन
बैठक संख्या-१

**गाउँ सभाको एघारौं (हिउँदे) अधिवेशनको पहिलो बैठकमा प्रस्तुत "आकस्मीक कार्यको लागि अधिकार प्रत्यायोजन र हालसम्म भए गरेका निर्णय एवं कार्यहरु अनुमोदन" सम्वन्धी प्रस्ताव**

प्रस्ताव नं. : ०६
मितिः २०७८/०९/३० गते शुक्रवार

स्थानीय सरकारमा सर्वोच्च तहको निकायको रुपमा रहेको गाउँसभाले नीति, कानुन वनाउने, संशोधन गर्ने तथा कार्यपालिकाबाट भए, गरेका काम, कारवाहीको नियमन र नियन्त्रण गर्ने गर्दछ । यसै सन्दर्भमा राक्सिराङ्ग गाउँ कार्यपालिकाले विभिन्न मितिमा बसेको बैठकले गरेका कानुन सम्मत निर्णयहरु गाउँसभाका सदस्यहरुलाई जानकारी गराउन समेत आवश्यक देखिएकोले "गाउँ कार्यपालिकाका कार्यालय तथा विषयगत शाखाहरुद्वारा विभिन्न मितिमा भए गरेका निर्णय तथा खर्च अनुमोदन गर्ने साथै गाउँसभा नभएसम्म भैपरी र आकस्मिक कार्यका लागि" गाउँ कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने ।

**उपरोक्त व्यहोराको पेश हुन आएको प्रस्तावलाई सर्वसम्मत स्वीकृत गर्ने ।**

| | | | |
|---|---|---|---|
| (लाल कुमार चेपाङ) वडा सदस्य | (सुर्य वहादुर गोले) वडा सदस्य | (माया देवी सुनार) वडा सदस्य | (खिल वहादुर राना मगर) वडा सदस्य |
| (गोपीलाल चेपाङ) वडा सदस्य | (टिकामाया मगर) वडा सदस्य | (पातली दमाई) वडा सदस्य | (केदार सुवेदी) वडा सदस्य |
| (सुनिता नेपाली) वडा सदस्य | (कर्ण बहादुर बल) वडा सदस्य | (राजेन्द्र बल) वडा सदस्य | (सुनमायाँ ब्लोन) वडा सदस्य |
| (चनमती सुनार) वडा सदस्य | (सुजन प्रजा) वडा सदस्य | (सुरेश घलान) वडा सदस्य | (विन्दुमायाँ मुक्तान) वडा सदस्य |
| (कौशिला मायाँ सुनार) वडा सदस्य | (बुद्धिलाल थिङ) वडा सदस्य | (भिम बहादुर तामाङ) वडा सदस्य | (हिरामायाँ थिङ) वडा सदस्य |

Scanned with CamScanner

राक्सिराङ्ग गाउँ सभा

एघारौं (हिउँदे) अधिवेशन

बैठक संख्या-१

## गाउँ सभाको एघारौं (हिउँदे) अधिवेशनको पहिलो बैठकमा प्रस्तुत "चालु आर्थिक वर्ष २०७७/०७८ को वार्षिक बजेट तथा कार्यक्रम संशोधन गर्ने" सम्वन्धी प्रस्ताव

प्रस्ताव नं. : ०५

मिति: २०७८/०९/३० गते शुक्रवार

स्थानीय सरकारमा सर्वोच्च तहको निकायको निकायको रुपमा रहेको गाउँसभाले नीति, कानुन तथा बजेट वनाउने, संशोधन गर्ने तथा कार्यपालिका भए, गरेका काम, कारवाहीको नियमन र नियन्त्रण गर्ने गर्दछ। यसै सन्दर्भमा राक्सिराङ्ग गाउँ कार्यपालिकाको विभिन्न मितिमा वसेको बैठकले वार्षिक वजेट तथा कार्यक्रमलाई संशोधन गरी विकास निर्माणका कार्यलाई सहज ढंगबाट कार्यान्वयन गर्न, गराउन गाउँ कार्यपालिकावाट निर्णय गरी स्थानीय सरकारको सर्वोच्च निकायको रुपमा रहेको गाउँ सभावाट अनुमोदन गराउनु पर्ने हुन्छ।

चालु आर्थिक वर्ष २०७८/०७९ को वार्षिक वजेट तथा कार्यक्रमको तपसिलको शीर्षकलाई तपसिल अनुसार संशोधन गर्ने।

**क) सडक निर्माण, स्तरोन्नति र मर्मत तर्फ :**

| सि.नं. | साविक योजना/बजेट शीर्षक विवरण | विनियोजित रकम रु. | संशोधन हुनुपर्ने योजना/बजेट शीर्षक विवरण | विनियोजित रकम रु. |
|---|---|---|---|---|
| १ | राम कुवा सडक निर्माण, राक्सिराङ्ग-१ | ४,००,०००/ | राम कुवा गौदान सडक निर्माण, राक्सिराङ्ग-१ | ४,००,०००/ |
| २ | पलाँसे भुँइछाप हुँदै दुङथली सडक निर्माण, राक्सिराङ्ग-७ | ५,००,०००/ | पलाँसे भुँइछाप हुँदै दुङथली सडक निर्माण, राक्सिराङ्ग-६ | ५,००,०००/ |
| ३ | वाङराङ्ग चेक ड्याम निर्माण, राक्सिराङ्ग-६ | ३,५०,०००/ | वाङराङ्ग सडक स्तरोन्नती योजना राक्सिराङ्ग-६ | ३,५०,०००/ |
| ४ | नेवारपानी-कोलगैरी-दुङ्ग सडक स्तरीकरण योजना, राक्सिराङ्ग-१ | १०,००,०००/ | नेवारपानी-कोलगैरी-दुङ्ग सडक निर्माण योजना, राक्सिराङ्ग-१ | १०,००,०००/ |
| ५ | गडुवान आधामार सडक निर्माण र आधामार सडक निर्माण योजना, राक्सिराङ्ग-१ | ४,००,०००/ | गडुवान आधामार सडक निर्माण योजना, राक्सिराङ्ग-१ | ४,००,०००/ |
| ६ | कुंडुले वडा कार्यालय हुँदै रेम्किम बरेटार सडक मर्मत | ७,००,०००/ | बरेटार स्याङ्तान टोल सडक निर्माण तथा काँइलाटोल सडक सरसफाई, राक्सिराङ्ग-२ | ७,००,०००/ |
| ७ | स्यामराङ्ग, बरेटार रिम्किम आँप बारी सडक स्तरीकरण | १०,००,००० | २ नं. वडा कार्यालय हुँदै रेम्किम बरेटार सडक स्तरोन्नति | १०,००,००० |
| ८ | घोरकोटे वडा कार्यालय, राक्सिराङ्ग ४ | ५,००,०००/ | घोरकोटे राक्सिराङ्ग वडा कार्यालय सडक, राक्सिराङ्ग ४ | ५,००,०००/ |

**ख)** चालु आर्थिक वर्ष २०७८/०७९ को वार्षिक वजेट तथा कार्यक्रमलाई तपसिल अनुसार संशोधन गर्ने।

| सि.नं. | साविक योजना/बजेट शीर्षक विवरण | विनियोजित रकम रु. | संशोधन हुनुपर्ने योजना/बजेट शीर्षक विवरण | विनियोजित रकम रु. |
|---|---|---|---|---|
| १ | कालिका प्रा.वि फर्निचर खरिद, राक्सिराङ्ग १ | ५,००,०००/ | कालिका प्रा.वि फर्निचर खरिद तथा शौचालय मर्मत | ५,००,०००/ |
| २ | नमो बुद्ध युवा क्लब कार्यालय व्यवस्थापन, राक्सिराङ्ग १ | १,००,०००/ | पारिजात कृषक समूह टेन्ट तथा भाँडाकुँडा खरिद | १,००,०००/ |
| ३ | भाङ्गीवेसी सामुदायिक भवन हुँदै भाङ्गी जोड्ने सडक स्तरोउन्नती, राक्सिराङ्ग २ | ९,००,०००/ | भाङ्गीवेसी सामुदायिक भवन हुँदै भाङ्गी जोड्ने सडक निर्माण | ९,००,०००/ |
| ४ | सरिखेत स्वास्थ्य चौकी पोषण, वालबालिका सरसफाई, कर्मचारी प्रशासन | १,५०,०००/ | सरिखेत स्वास्थ्य चौकी पोषण, वालबालिका सरसफाई, कर्मचारी | १,५०,०००/ |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | तथा फर्निचर खरिद, राक्सिराङ्ग २ | | सम्मान तथा प्रोत्साहन र फर्निचर खरिद | |
| ५ | सहकारी क्यास काउन्ट मेशिन खरिद, राक्सिराङ्ग ३ | ५०,०००/ | खेलाडी सम्मान तथा पुरस्कार | ५०,०००/ |
| ६ | आयआर्जन तथा सीपमूलक तालिम, राक्सिराङ्ग ३ | २,५०,०००/ | • आलखोप टयाङ्गी भञ्याङ्ग सडक स्तरीकरण<br>• गहुबारी खानेपानी मर्मत | २,००,०००/<br>५०,०००/ |
| ७ | ४ नं वडा शाखा विद्युत लाइन बिस्तार ( वडाभरी), राक्सिराङ्ग ४ | ४,००,०००/ | सडक सरसफाई थप (वडाभरी) | ४,००,०००/ |
| ८ | ठूली कुवा संरक्षण, राक्सिराङ्ग ५ | २,००,०००/ | ठूलो कुवा संरक्षण | २,००,०००/ |
| ९ | शारिरीक सुगठन सामग्री खरिद, राक्सिराङ्ग ६ | १,००,०००/ | कान्तुङ्ती टंकी निर्माण | १,००,०००/ |
| १० | देछ्योइलिङ बौद्ध गुम्वा निर्माण राक्सिराङ्ग ७ | ४,००,०००/ | देछ्योइलिङ बौद्ध गुम्वा सडक निर्माण | ४,००,०००/ |
| ११ | युवा तथा खेलकुद कार्यक्रम, राक्सिराङ्ग ९ | २,००,०००/ | वडा कार्यालयको लागि फर्निचर खरिद | २,००,०००/ |
| १२ | बोटबारी परेवाभिर सडक स्तरोन्नती राक्सिराङ्ग ४ | १,००,००,००० | बोटबारी परेवाभिर सडक स्तरोन्नती | ४०,००,००० |
| १३ | जैविक मल अनुदान | ३,००,००० | एक घर एक करेसाबारी कार्यक्रम | ३,००,००० |
| १४ | भामदोरी चेपाङ झरना DPR निर्माण | ३,००,००० | चामन्ति सडक सरसफाई | ३,००,००० |
| १५ | चैनपुर कुनाटोल हस्पिटल रोड स्तरीकरण | ६,००,००० | चैनपुर कुनाटोल हस्पिटल रोड स्तरीकरण | १०,००,००० |
| १६ | राक्सिराङ्ग सामुदायिक रेडियो सञ्चालन | २०,००,००० | राक्सिराङ्ग सामुदायिक रेडियो सञ्चालन अनुदान | २०,००,००० |
| १७ | प्राङ्गारिक झारपात वस्तुको पिसाब संङ्कलन विषाधी कार्यक्रम | ५०,००० | कृषक समूहको क्षमता अभिवृद्धि तालिम | ५०,००० |
| १८ | नवीकरणीय उर्जा प्रविधि जडान( वायोग्यास/विद्युतीय चुलो/सुधारिएको चुलो/सौर्य उर्जा) | ८,००,००० | क० सोलार जडान, रा-४, तर्सिकोट र रा-६, धुसाराङ्ग : ४,९०,०००/<br>ख० वायोग्यास, रा-८ : २,००,०००<br>ग० सुधारिएको चुलो जडान: १,१०,००० | ८,००,००० |
| १९ | माछा पोखरी निर्माण राक्सिराङ्ग ५ | १००००० | मौरी घार निर्माण | १००००० |
| २० | सिलिंगे वाम्पाराङ्ग हुँदै भ्राती सडक निर्माण राक्सिराङ्ग ६ | २००००० | कोत्ति टयांकी निर्माण राक्सिराङ्ग ६ | २००००० |
| २१ | तोलवाङ्ग खानेपानी योजना राक्सिराङ्ग ५ | ४००००० | क० लुइना खानेपानी राक्सिराङ्ग ५ : २०००००<br>ख० धुमेटार खानेपानी राक्सिराङ्ग ५ :२००००० | ४००००० |
| २२ | चेपाङ संस्कृति संरक्षण सम्बर्द्धन कार्यक्रम रा-१ | १००००० | पवित्र चर्च बाराङ्ग मर्मत रा-१ | १००००० |
| | प्रधानमन्त्रि रोजगार कार्यक्रम तर्फ | | | |
| २३ | झिल्किनी विद्यालय तटबन्धन, राक्सिराङ्ग ३ | ४००००० | झिल्किनी विद्यालय पहिरो सरसफाई तथा व्यवस्थापन | ४००००० |

सुनिता गौरी विमला कौशिला

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| २४ | प्रजा प्रगति आधारभूत विद्यालय तटबन्धन राक्सिराङ्ग ५ | ४००००० | कुत्तसिं जिर्खे डांडा नाली निर्माण राक्सिराङ्ग ५ | ४००००० |
| २५ | खहरे लोजा तटबन्धन राक्सिराङ्ग ९ | ४००००० | खहरे लोजा सडक नाली निर्माण राक्सिराङ्ग ९ | ४००००० |
| २६ | साउने खोला तटबन्धन राक्सिराङ्ग ९ | ४००००० | तुम्बाङ्ग सिंचाई कुलो निर्माण | ४००००० |
| २७ | सिमल भन्ज्याङ तटबन्धन राक्सिराङ्ग ६ | ४००००० | करांसे तटबन्धन राक्सिराङ्ग ६ | ४००००० |
| | | | | |

ग) चालू आर्थिक वर्ष २०७८/०७९ को वार्षिक बजेट तथा कार्यक्रममा श्रोत व्यवस्थापन भए पश्चात कार्यान्वयन गरिने पहिलो तथा दोस्रो प्राथमिकतामा रहेका योजनाहरुको कुल रकम रु. २,२५,५०,००० थप समावेशगरी कार्यान्वयन गर्नेगरी संशोधन गर्ने । यसभित्र रहेका योजना तथा कार्यक्रमहरुको हकमा साविकको बजेटभित्र परेका योजनाहरु सोही बमोजिम हुने गरी तथा यस गाउँपालिकाको बजेटभित्र नपरेका तर अन्यत्र विभिन्न स्रोतहरुमा परी कार्यान्वयन हुने कार्यक्रमहरुलाई दोहोरो नपर्ने गरी कार्यान्वयन गर्ने ।

घ) चालू आर्थिक वर्ष २०७८/०७९ को वार्षिक बजेट तथा कार्यक्रममा देहाय बमोजिमको कार्यक्रम तथा योजनाहरु समावेश गरी गाउँपालिकामा उपलब्ध हुने कोषको स्रोतबाट खर्च व्यहोर्ने गरी कार्यान्वयन गर्ने ।

| सि.नं | योजना/कार्यक्रम को नाम, वडा नं | रकम रु |
|---|---|---|
| १ | भुमेथुम जाने सडक स्तरीकरण, राक्सिराङ्ग १ | ४,००,०००/ |
| २ | बाघमारा पचभैया घाटमा प्रतिक्षालय निर्माण तथा व्यवस्थापन, राक्सिराङ्ग ३ | ५,००,०००/ |
| ३ | गोठेरी बल्टोल सिचांई कुलो निर्माण, राक्सिराङ्ग ३ | ३,००,०००/ |
| ४ | प्रशंसा चर्च भवन मर्मत, राक्सिराङ्ग ३ | २,००,०००/ |
| ५ | नेगी टोल शाखा बाटो स्तरीकरण, राक्सिराङ्ग ३ | २,००,०००/ |
| ६ | सिंजालीटार विर्खेडाँडा सडक स्तरीकरण राक्सिराङ्ग ३ | ५,००,०००/ |
| ७ | घट्टेखोला ECD भवन निर्माण राक्सिराङ्ग ३ | ४,००,०००/ |
| ८ | देउती टोल सडक निर्माण राक्सिराङ्ग ४ | ५,००,०००/ |
| ९ | बुढा महादेब मन्दिर सडक निर्माण राक्सिराङ्ग ४ | ४,००,०००/ |
| १० | पंजनी मैदानी सामुदायिक भवन मर्मत(खोप केन्द्र संचालनका लागि) राक्सिराङ्ग ४ | २,००,०००/ |
| ११ | जागृति चर्च मर्मत रा-१ | २,००,०००/ |
| १२ | चिहानडाँडा ठाडेचुरी आधारभूत अस्पताल सड्क निर्माण, राक्सिराङ्ग ५ | १०,००,०००/ |
| १३ | झिल्केधारा खानेपानी मर्मत सम्भार, राक्सिराङ्ग ५ | ६,००,०००/ |
| १४ | मागेनी अनुग्रह चर्च भवन निर्माण, राक्सिराङ्ग ६ | २,००,०००/ |
| १५ | कुचुर मण्डली चर्च भवन निर्माण, राक्सिराङ्ग ८ | १,५०,०००/ |
| १६ | ग्याडराङ मण्डली चर्च भवन मर्मत, राक्सिराङ्ग ८ | १,००,०००/ |
| १७ | भ्यानभ्यारे चर्च भवन निर्माण, राक्सिराङ्ग ८ | १,५०,०००/ |
| १८ | भेदराङ्ग खानेपानी कुवा निर्माण, राक्सिराङ्ग ८ | २,००,०००/ |
| १९ | हात्तीखोला कमेरो खानेपानी, राक्सिराङ्ग ८ | ३,००,०००/ |
| २० | चामन्ती चर्च मर्मत, राक्सिराङ्ग ८ | १,५०,०००/ |
| २१ | हल्डाँडा निवुवाटार सडक निर्माण राक्सिराङ्ग ९ | ५,००,०००/ |
| २२ | च्यौराङ सयाल सडक निर्माण, राक्सिराङ्ग ९ | ५,००,०००/ |
| २३ | श्री कालीदेवी आधारभूत विद्यालय तारबार, राक्सिराङ्ग ९ | २,००,०००/ |
| २४ | आन्तरिक राजस्व संकलन तथा कर व्यवस्थापन | ७,००,०००/ |
| | कुल जम्मा | ८५,५०,०००/ |

Scanned with CamScanner

ङ) चालू आर्थिक वर्ष २०७८/०७९ को बार्षिक बजेट तथा कार्यक्रम अन्तरगत का देहाय बमोजिमका योजना तथा कार्यक्रमहरुमा विनियोजित बजेट रकमहरुलाई निर्णय नं क) तथा ख) बमोजिमका योजना तथा कार्यक्रममा खर्च गर्ने गरी संशोधन गर्ने ।

| सि.नं | योजना/कार्यक्रम को नाम | विनियोजन रकम | संशोधन भई कायम हुने रकम | कैफियत |
|---|---|---|---|---|
| १ | बोटबारी सरीखेत पक्की पुल निर्माण | ५०,००,०००/ | ०० | |
| २ | खाद्य सुरक्षा कार्यक्रम | १०,००,०००/ | ०० | |
| ३ | सवारी साधन खरिद ट्याक्टर | २०,००,०००/ | ०० | |
| कुल जम्मा | | ८०,००,०००/ | ०० | |

च) यसैगरी गाउँपालिकाबाट विभिन्न मितिमा भएका देहायबमोजिमका योजना एवम् भुक्तानीका निर्णयहरु अनुमोदन गर्ने :

| सि नं. | योजना/कार्यक्रम | ठेकेदार कम्पनी | खर्च रकम रु. |
|---|---|---|---|
| १. | गाउँपालिकाको डिजिटल प्रोफाईल निर्माण | स्मार्ट पालिका प्रा.लि. | ७,४२,०००/ |
| २. | सरिखेत चेपाङ्ग छात्रावास निर्माण | ग्रीनतारा जे.भि. | ६८,७६२/ |

उपरोक्त व्यहोराको पेश हुन आएको प्रस्तावलाई सर्वसम्मत स्वीकृत गर्ने ।

(लाल कुमार चेपाङ) वडा सदस्य

(सुर्य बहादुर गोले) वडा सदस्य

(माया देवी सुनार) वडा सदस्य

(खिल बहादुर राना मगर) वडा सदस्य

(गोपीलाल चेपाङ) वडा सदस्य

(टिकामाया मगर) वडा सदस्य

(पातली दमाई) वडा सदस्य

(केदार सुवेदी) वडा सदस्य

(सुनिता नेपाली) वडा सदस्य

(कर्ण बहादुर बल) वडा सदस्य

(राजेन्द्र बल) वडा सदस्य

(सुनमायाँ ब्लोन) वडा सदस्य

(चनमती सुनार) वडा सदस्य

(सुजन प्रजा) वडा सदस्य

(सुरेश घलान) वडा सदस्य

(विन्दुमायाँ मुक्तान) वडा सदस्य

(कौशिला मायाँ सुनार) वडा सदस्य

(बुद्धिलाल थिङ) वडा सदस्य

(भिम बहादुर तामाङ) वडा सदस्य

(हिरामायाँ थिङ) वडा सदस्य

Scanned with CamScanner

राक्सिराङ्ग गाउँ सभा
एघारौं (हिउँदे) अधिवेशन
बैठक संख्या-१

## गाउँ सभाको एघारौं (हिउँदे) अधिवेशनको पहिलो बैठकमा प्रस्तुत "स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन अन्तिम नतिजा माथी छलफल गर्ने" सम्वन्धी प्रस्ताव

प्रस्ताव नं. : ०४
मिति: २०७८/०९/३० गते शुक्रबार

स्थानीय तहको कार्यप्रकृया र उपलब्धिहरुको बारेमा लेखाजोखा गरी सबल र दुर्वल पक्षहरुको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरुको जानकारी लिन, आवधिक समीक्षाको लागि आधार प्राप्त गर्न र गाउँपालिका तथा नगरपालिकाहरुको वीचमा तुलनायोग्य सूचकहरु तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाई सक्षम एवं प्रभावकारी वनाउन गाउँपालिका र अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्थाहरु लगायतबाट प्रवाह हुने सेवालाई थप प्रभावकारी, नतिजामुखी र नागरिक केन्द्रित बनाई सुशासनलाई संस्थागत गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि, २०७७ तर्जुमा गरी सूचकसमेत पठाएको र सो सूचक अनुरुप यस राक्सिराङ्ग गाउँपालिकाले गत आर्थिक वर्षमा गरेका कार्यहरुको अंकभार समेत स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि, २०७७ को दफा ४ को उपदफा (१) को खण्ड "च", "ज" र "ट" मा स्वमूल्यांकन नतिजाको प्रारम्भिक नतिजा कार्यपालिकामा छलफल गरी अन्तिम नतिजा कार्यपालिकाबाट अनुमोदन गरी सभामा छलफलको लागि पेश गर्नुपर्ने व्यवस्था अनुसार कार्यपालिका बैठकमा पेश गरी अन्तिम नतिजा गाउँसभाबाट अनुमोदन गर्नुपर्ने भएको हुँदा प्रस्तुत प्रस्ताव पेश गरिएको छ ।

| सि.नं. | सूचक नं. | सुचक क्षेत्र | पुर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| | | **सूचक क्षेत्र १ : सगठन तथा प्रशासन** | | | |
| १ | १.१.१ | सभाको सञ्चालन प्रक्रिया | १ | १ | |
| २ | १.१.२ | कार्यपालिकाको निर्णय प्रक्रिया | १ | १ | |
| ३ | १.१.३ | सभा/कार्यपालिकाले बनाएका स्थानीय कानून (ऐन,नियम,निर्देशिका,कार्यविधि र मापदण्ड) तथा निर्णयहरुको सार्वजनिकीकरण | १ | १ | |
| ४ | १.२.१ | सभा र कार्यपालिकाका समिति/उप-समिति सञ्चालन सम्वन्धि कार्यविधि | १ | १ | |
| ५ | १.२.२ | कार्यपालिकाको बैठक सञ्चालन(बैठक वोलाउने, मिति स्थान तोक्ने, कार्यसूची उपलब्ध गराउने, गणपुरक संख्या, निर्णय पुस्तिकामा हस्ताक्षर, निर्णय असहमति आदी ) | १ | १ | |
| ६ | १.२.३ | आन्तरिक नियन्त्रण प्रणाली | १ | ० | |
| ७ | १.२.४ | स्थानीय तहका पदाधिकारीहरुको सम्पत्ती विवरण | १ | १ | |
| ८ | १.३.१ | मूल्याङ्कन अवधिमा वसेको कार्यपालिकाको बैठक संख्या | १ | ० | |
| ९ | १.३.२ | लेखा प्रणालीमा SUTRA को प्रयोग | १ | १ | |
| | | **जम्मा** | ९ | ७ | |
| | | **सूचक क्षेत्र २ : शासकीय प्रबन्ध** | | | |

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| १० | २.१.१ | गाउँ/नगरपालिकाको क्षमता विकास | १ | १ | |
| ११ | २.१.२ | प्रतिवेदन तथा विवरण प्रेषण | १ | ० | |
| १२ | २.२.१ | विषयगत विभाग, महाशाखा, शाखा, उपशाखा,एकाईहरु एवं जनशक्तिको काम, कर्तव्य, अधिकार र जिम्मेवारीको कार्यविवरण | १ | १ | |
| १३ | २.२.२ | स्थायी पदपुर्ती नगर्ने भनिएका पदहरुमा करारवाट मात्र पदपुर्ती | १ | १ | |
| १४ | २.२.३ | कर्मचारीहरुको कार्यसम्पादन सम्झौता | १ | ० | |
| १५ | २.३.१ | जनशक्ति क्षमता विकासमा लगानी | १ | ० | |
| १६ | २.३.२ | प्रमुख प्रशासकीय अधिकृतको उपस्थिति(दिन) । (आफ्नो क्षेत्रभित्र काजमा रहेको अवधि समेत) | १ | १ | |
| १७ | २.३.३ | क्षमता विकास कार्यक्रममा पदाधिकारी र कर्मचारीहरुको सहभागिता | १ | १ | |
| | | **जम्मा** | ८ | ५ | |
| | | **सूचक क्षेत्र ३ : क्षेत्र वार्षिक बजेट तथा योजना** | | | |
| १८ | ३.१.१ | वार्षिक वजेट तथा कार्यक्रम र योजना तर्जुमा | १ | १ | |
| १९ | ३.१.२ | वजेट तथा कार्यक्रम तर्जुमा र पारित गर्ने कार्यमा संवद्ध समिति र समन्वय | १ | १ | |
| २० | ३.२.१ | दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण | १ | १ | |
| २१ | ३.२.२ | विषयक्षेत्रगत रुपमा वजेट सिलिङ्ग निर्धारण | १ | ० | |
| २२ | ३.२.३ | वजेट प्रस्तुती र स्वीकृती | १ | १ | |
| २३ | ३.२.४ | गैरसरकारी संघ संस्थाहरुले गाउँ/नगर सभवाट पारित गरी योजना कार्यान्वयन | १ | १ | |
| २४ | ३.३.१ | कूल वार्षिक वजेटमा आन्तरिक आयको हिस्सा | १ | १ | |
| २५ | ३.३.२ | पाँच लाखभन्दा कम-लागतका योजनाले कूल पूँजीगत वजेटले | १ | १ | |
| २६ | ३.३.३ | वार्षिक आन्तरिक आय वृद्धि गत वर्षको तुलनामा | १ | १ | |
| २७ | ३.३.४ | गैसस मार्फत योजना कार्यान्वयन गरेको अवस्थामा गै.स.स. को नगद लागत साझेदारी । (स्था.स.सं.ऐन दफा २५) | १ | ० | |
| २८ | ३.३.५ | समपुरक अनुदानवाट सञ्चालन हुने आयोजनाहरुमा लागत साझेदारीका लागि विनियोजित बजेट | १ | १ | |
| | | **जम्मा** | ११ | ९ | |
| | | **सूचक क्षेत्र ४ : वित्तीय एवम् आर्थिक व्यवस्थापन** | | | |
| २९ | ४.१.१ | आन्तरिक स्रोत | १ | १ | |
| ३० | ४.१.२ | वित्तिय अनुशासन | १ | १ | |
| ३१ | ४.२.१ | आय व्ययको वर्गीकरण तथा लेखाङ्कनका लागि नेपाल सरकार द्वारा निर्धारित पद्धति र ढाँचाको प्रयोग | १ | १ | |

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ३२ | ४.२.२ | आय र व्ययको विवरण सार्वजनिककरण | १ | ० | |
| ३३ | ४.२.३ | प्रचलित कानुन अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयारी र कार्यान्वयन | १ | ० | |
| ३४ | ४.२.४ | वार्षिक बजेट कार्यान्वयनको प्रगति समीक्षा | १ | १ | |
| ३५ | ४.३.१ | रकमान्तर | १ | १ | |
| ३६ | ४.३.२ | प्रशासनिक खर्च | १ | १ | |
| ३७ | ४.३.३ | पूँजीगत खर्च | १ | ० | |
| ३८ | ४.३.४ | राजस्व सङ्कलन | १ | १ | |
| ३९ | ४.३.५ | खर्च गर्ने अख्तियारी | १ | १ | |
| | | **जम्मा** | ११ | ८ | |
| | | **सूचक क्षेत्र ५ : सेवा प्रवाह** | | | |
| ४० | ५.१.१ | सेवा प्रवाह | १ | ० | |
| ४१ | ५.१.२ | वडाले उपलब्ध गराउने सेवा | १ | १ | |
| ४२ | ५.१.३ | सेवा प्रतिको सन्तुष्टी | १ | १ | |
| ४३ | ५.२.१ | सेवा प्रवाहमा प्रविधिमा आधारित टोकन,अनलाइन राजिष्ट्रेसन वा कम्प्युटर विलिङ प्रविधिको प्रयोग | १ | ० | |
| ४४ | ५.२.२ | सेवा प्रवाहको मापदण्ड (SOP) | १ | ०.५ | |
| ४५ | ५.२.३ | वैङ्किङ प्रणालीवाट भुक्तानी | १ | ०.५ | |
| ४६ | ५.२.४ | वडामा सेवा प्रवाहको वैकल्पिक व्यवस्था | १ | १ | |
| ४७ | ५.३.१ | गुनासो फछ्यौट | १ | १ | |
| ४८ | ५.३.२ | सामाजिक सुरक्षा भत्ता वैङ्क खाता मार्फत भुक्तानी | १ | १ | |
| ४९ | ५.३.३ | जन्मको मितिले ३५ दिनभित्र दर्ता भएको कूल जन्मदर्ता संख्या | १ | १ | |
| ५० | ५.३.४ | सार्वजनिक सुनवाई | १ | १ | |
| ५१ | ५.३.५ | सेवा प्रवाहमा घुम्ती सेवाको प्रयोग घुम्ती सेवाका क्षेत्रहरु (खोप,भिटामिन ए वितरण, स्वास्थ्य शिविर, कृषि पशु सम्वन्धी सेवाहरु व्यक्तिगत घटना दर्ता आदि) | १ | १ | |
| ५२ | ५.३.६ | शिक्षामा सबै वालवालिकाको पहुँच | १ | १ | |
| ५३ | ५.३.७ | स्वास्थ्य सेवामा नागरिकको पहुँच | १ | १ | |
| ५४ | ५.३.८ | कृषि र पशु सेवा | १ | ० | |
| ५५ | ५.३.९ | स्थानीय उत्पादनको प्रर्वधन र बजारीकरण | १ | ० | |
| | | **जम्मा** | १६ | ११ | |

गौरी विमला कैंत्रसिमा

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| **सूचक क्षेत्र ६ : न्यायिक कार्यसम्पादन** | | | | | |
| ५६ | ६.१.१ | न्याय सम्पादन | १ | १ | |
| ५७ | ६.२.१ | मेलमिलाप कर्ताको व्यवस्था | १ | १ | |
| ५८ | ६.२.२ | न्यायिक समितिको निर्णय प्रकृया | १ | १ | |
| ५९ | ६.२.३ | न्यायिक समितिको प्रतिवेदन प्रणाली | १ | १ | |
| ६० | ६.३.१ | उजूरी फर्छ्यौट | १ | १ | |
| ६१ | ६.३.२ | न्यायिक समितिको निर्णय उपर पुनरावेदन | १ | १ | |
| ६२ | ६.३.३ | मेलमिलाप केन्द्र गठन | १ | १ | |
| | | **जम्मा** | ७ | ७ | |
| **सूचक क्षेत्र ७ : भौतिक पूर्वाधार** | | | | | |
| ६३ | ७.१.१ | सडक यातायात गुरुयोजना अनुसार सडक पूर्वाधार निर्माण | १ | ० | |
| ६४ | ७.१.२ | जोखिम संवेदनशील भूउपयोग योजना | १ | ० | |
| ६५ | ७.१.३ | भौतिक पूर्वाधार विकासमा सार्वजनिक-निजी साझेदारी | १ | ० | |
| ६६ | ७.२.१ | वालमैत्री तथा अपाङ्गमैत्री पूर्वाधार | १ | ० | |
| ६७ | ७.२.२ | निर्मित पूर्वाधारको उपयोग र दिगो व्यवस्थापन | १ | ० | |
| ६८ | ७.२.३ | आयोजनाको वातावरणीय अध्ययन-प्रारम्भिक वातवरणीय प्रभाव मूल्याङ्ग (IEE) र वातावारणीय प्रभाव | १ | १ | |
| ६९ | ७.२.४ | राष्ट्रिय भवनसंहिता र मापदण्ड | १ | ० | |
| ७० | ७.३.१ | सडकको विस्तार | १ | १ | |
| ७१ | ७.३.२ | सडकको स्तर उन्नती | १ | १ | |
| ७२ | ७.३.३ | खानेपानी सेवा विस्तार | १ | १ | |
| ७३ | ७.३.४ | वार्षिक योजनाको कार्यान्वयन स्थिति | १ | ०.५ | |
| ७४ | ७.३.५ | फोहोर मैला व्यवस्थापन | १ | ० | |
| ७५ | ७.३.६ | औद्यिगक पूर्वाधार | १ | ० | |
| | | **जम्मा** | १३ | ४.५ | |
| **सूचक क्षेत्र ८ : सामाजिक समावेशीकरण** | | | | | |
| ७६ | ८.१.१ | सामाजिक विभेदको न्युनीकरण | १ | ०.५ | |
| ७७ | ८.१.२ | समानुपातिक सहभागिता | १ | १ | |
| ७८ | ८.२.१ | सामाजिक सुरक्षा तथा संरक्षण | १ | ०.५ | |
| ७९ | ८.२.२ | घरेलु हिंसा अन्त्यका लागि वहस, पैरवी तथा चेनतामूलक | १ | १ | |

गौरी विमला कौसिला

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | अभियान | | | |
| ८० | ८.२.३ | बालश्रम,बालविवाह,बहुविवाह,दाइजो / दहेज,बोक्सी,छाउपडी जस्ता प्रथासँग सम्बन्धि कार्यहरु | १ | ० | |
| ८१ | ८.२.४ | लैङ्गीक उत्तरदायी बजेट परीक्षण (नक्क बागमत० | १ | ० | |
| ८२ | ८.३.१ | महिला बिरुद्ध हुने घरेलु हिंसाको घटनामा कमी (अघिल्लो आ.व. को तुलनामा) | १ | १ | |
| ८३ | ८.३.२ | बालश्रम, बालविवाह, बहुविवाह,दाइजो / दहेज,बोक्सी,छाउपडी जस्ता प्रथा रोकथामका लागि तर्जुमा गरिएका कार्यक्रममा लगानी( सशर्त अनुदान बाहेक बाँकी बजेटको ) | १ | ० | |
| ८४ | ८.३.३ | महिला / दलित / अपाङ्गता भएका व्यक्ति संयोजक / अध्यक्ष भएको उपभोक्ता समितिहरु सङ्ख्या (कूल गठित उपभोक्ता समितिको ) | १ | ० | |
| ८५ | ८.३.४ | आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति , ज्येष्ठ नागरिक, अल्पसङ्ख्यक,सीमान्तकृत समुदायकोक सामाजिक र आर्थिक उत्थानमा गरिने लगानी (सशर्त अनुदान बाहेक बाँकी बजेटको ) | १ | ० | |
| | | **जम्मा** | १० | ४ | |
| | | **सूचक क्षेत्र ९ : वातावरण संरक्षण तथा विपद् व्यवस्थापन** | | | |
| ८६ | ९.१.१ | विपद् व्यवस्थापन | १ | १ | |
| ८७ | ९.२.१ | वातावरणीय प्रदुषण नियन्त्रण ( जल,भूमि,ध्वनी,वायु र खाद्य) | १ | ०.५ | |
| ८८ | ९.२.२ | वातावरणमैत्री पूर्वाधार | १ | ० | |
| ८९ | ९.२.३ | विपद् जोखिम क्षेत्रको पहिचान र नक्साङ्कन | १ | १ | |
| ९० | ९.३.१ | वातावरणीय क्षेत्र प्रवर्द्धनमा बजेट विनियोजन | १ | ० | |
| ९१ | ९.३.२ | वातावरण संरक्षणमा टोल विकास संस्था, नागरिक तथा निजी क्षेत्र र गै.स.स.को सहभागिता | १ | ० | |
| ९२ | ९.३.३ | स्थानीय विपद् व्यवस्थापन कोषमा बजेट विनियोजन ( वार्षिक रुपमा) | १ | १ | |
| ९३ | ९.३.४ | टोल विकास संस्था गठन तथा सञ्चालन | १ | १ | |
| ९४ | ९.३.५ | एम्बुलेन्स, अग्नी नियन्त्रण जस्था आकस्मिक सेवाहरुको उपलब्धता | १ | १ | |
| | | **जम्मां** | ९ | ४.५ | |
| | | **सूचक क्षेत्र १० : क्षेत्र सहकार्य र समन्वय** | | | |
| ९५ | १०.१.१ | संघ, प्रदेश र स्थानीय, तहबीचको सहकार्य र समन्वय | १ | ० | |
| ९६ | १०.१.२ | अन्तर स्थानीय तह सहकार्य र समन्वय (प्राकृतिक श्रोतको संरक्षण र उपयोग, पूर्वाधार निर्माण, वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन,आपतकालीन सेवा व्यवस्थापन,राजश्व सङ्कलन आदि) | १ | ० | |

गौरी विमला कौशिला

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ९७ | १०.२.१ | दुई वा सो भन्दा बढी स्थानीय तहको सरोकारको विषयमा बन्ने समितिहरुको गठन र सञ्चालन | १ | ० | |
| ९८ | १०.३.१ | अन्तर सरकारी समन्वय तथा सहजीकरण | १ | ० | |
| ९९ | १०.३.२ | अन्तर स्थानीय तह साझेदारी | १ | ० | |
| १०० | १०.३.३ | जिल्ला समन्वय समितिसँग समन्वय | १ | ० | |
| **जम्मा** | | | ६ | ० | |
| **जम्मा** | | | १०० | ६१ | |

राक्सिराङ्ग गाउँपालिकाको संलग्न स्वमूल्यांकन अन्तिम नतिजा अनुमोदन गर्ने ।

**उपरोक्त व्यहोराको पेश हुन आएको प्रस्तावलाई सर्वसम्मत स्वीकृत गर्ने ।**

(लाल कुमार चेपाङ)
वडा सदस्य

(सुर्य बहादुर गोले)
वडा सदस्य

(माया देवी सुनार)
वडा सदस्य

(खिल वहादुर राना मगर)
वडा सदस्य

(गोपीलाल चेपाङ)
वडा सदस्य

(टिकामाया मगर)
वडा सदस्य

(पातली दमाई)
वडा सदस्य

(केदार सुवेदी)
वडा सदस्य

(सुनिता नेपाली)
वडा सदस्य

(कर्ण बहादुर वल)
वडा सदस्य

(राजेन्द्र वल)
वडा सदस्य

(सुनमायाँ ब्लोन)
वडा सदस्य

(चनमती सुनार)
वडा सदस्य

(सुजन प्रजा)
वडा सदस्य

(सुरेश घलान)
वडा सदस्य

(विन्दुमायाँ मुक्तान)
वडा सदस्य

(कौशिला मायाँ सुनार)
वडा सदस्य

(बुद्धिलाल थिङ)
वडा सदस्य

(भिम बहादुर तामाङ)
वडा सदस्य

(हिरामायाँ थिङ)
वडा सदस्य

(प्रेम मायाँ वि.क.)
वडा सदस्य

(चतुरमान पाखिन)
वडा सदस्य

(सुनिल ब्लोन)
वडा सदस्य

(रिषिमायाँ प्रजा)
वडा सदस्य

Scanned with CamScanner

## राक्सिराङ्ग गाउँ सभा
## एघारौं (हिउँदे) अधिवेशन
## बैठक संख्या-१

# गाउँ सभाको एघारौं (हिउँदे) अधिवेशनको पहिलो बैठकमा प्रस्तुत "न्यायिक समितिको वार्षिक प्रतिवेदन तथा मेलमिलाप कर्ताहरुको नाम अनुमोदन गर्ने" सम्वन्धी प्रस्ताव

प्रस्ताव नं. : ०२

मिति: २०७८/०९/३० गते शुक्रबार

स्थानीय स्तरमा देखिने सामान्य देवानी प्रकृतिका विवादहरुलाई स्थानीयस्तरमै निरुपण गर्न स्थानीय तहमा एक न्यायिक समितिको परिकल्पना गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५३ (२) मा न्यायिक समितिले स्थानीय न्यायिक समितिले एक वर्षमा गरेको कामको वार्षिक विवरण अध्यक्ष मार्फत सार्वभौम सभालाई गराउनु पर्ने व्यवस्था भएको र राक्सिराङ्ग गाउँपालिकाको न्यायिक समिति (कार्यविधि सम्वन्धी) ऐन, २०७४ को दफा ६० (२) मा प्रत्येक वर्ष अद्यावधिक गरेको मेलमिलाप कर्ताको सुची समितिले सभाबाट अनुमोदन गराउनु पर्नेछ भन्ने व्यवस्था रहेकोले न्यायिक समितिले मेलमिलापको माध्यमबाट विवाद मिलाउन वडा स्तरमा सुचीकृत गरेका मेलमिलाप कर्ताको नाम समेत सभाबाट अनुमोदन गराउन प्रस्तुत प्रस्ताव पेश गरिएको छ।

## न्यायिक समितिको वार्षिक प्रतिवेदन

नेपालको वर्तमान संविधानको धारा २१७ को कार्यान्वयनको लागी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ अनुसार राक्सिराङ्ग गाउँसभाले न्यायिक समिति गठन गरेको छ। न्यायिक समितिको संयोजकमा श्री निर्मला हिम्दुङ्ग, र सदस्यहरुमा श्री रामकृष्ण प्रजा र श्री कर्ण कुमारी राउत रहनु भएको छ भने न्यायिक सहजकर्तामा श्री डिना हिम्दुङ्गले काम गरिरहेको अवस्था छ। नेपालको संविधान धारा २१४ को उपधारा (१) र (२) तथा अनुसुची ८ मा उल्लेखित स्थानीय तहको अधिकारहरु र मेलमिलाप सम्बन्धी ऐन, २०६८ तथा तत् सम्बन्धी नियमावली २०७० मा भएका व्यवस्थालाई आत्मसाथ गर्दै राक्सिराङ्ग गाउँपालिकाका ९ वटै वडाहरुमा मेलमिलापको कार्यमा सहजीकरण गर्न ४८ घन्टे तालिम प्राप्त २७ जना मेलमिलाप कर्ताहरुलाई सुचिकृत गरिएको छ।

राक्सिराङ्ग गाउँपालिका न्यायिक समिति समक्ष २०७७ माघ ०१ देखी २०७८ असार मसान्त सम्म जम्मा २ वटा लेनदेन र गालीगलोच सम्बन्धि विवाद दर्ता भई दुवै पक्षको सहमतिमा न्यायिक ईजलासले मिलापत्र गराई पठाईएको छ भने चालु आर्थिक वर्ष २०७८ साउन ०१ देखी २०७८ पौष मसान्त सम्म न्यायिक समिति समक्ष न्यायिक समितिको क्षेत्राधिकार भित्र पर्ने कुनै देवानी उजुरी नआएको र अन्य फौजदारी उजुरी २ वटा आएको हुँदा जिल्ला अदालत र इलाका प्रहरी कार्यालयमा जानका लागी कानुनी प्रकियाको बारेमा जानकारी दिई पठाइएको छ।

त्यसै गरी "राक्सिराङ्ग गाँउपालिका मेलमिलाप कार्यसञ्चालन कार्यविधि २०७७" को दफा २४ अनुसार हरेक वडाका मेलमिलाप केन्द्रहरुले आफ्नो वार्षिक प्रतिवेदन न्यायिक समिति समक्ष पेश गर्नु पर्ने भएको हुदा वडा नं. १ को मेलमिलाप केन्द्र बाट २०७७ साउन ०१ देखी २०७८ असार मसान्त सम्म ३ वटा विवाद दर्ता भई मिलापत्र भएको र २०७८ साउन ०१ देखी पौष मसान्त सम्म जम्मा २ वटा विवाद मेलमिलाप केन्द्रमा दर्ता भई मिलापत्र भएका छन्।

वडा नं. २ मेलमिलाप केन्द्रमा २०७७ साउन ०१ देखी २०७८ असार मसान्त सम्म २ वटा उजुरी मिलापत्र भएको र वडा नं. ३ मेलमिलाप केन्द्रबाट ३ वटा विवाद मिलापत्र गराईएको छ भने वडा नं. ४ मेलमिलाप केन्द्र बाट १ वटा विवाद मिलापत्र गरिएका छन्। क्रमश: वडा नं. ८ मेलमिलाप केन्द्रबाट १ वटा विवाद मिलापत्र भएको भनि न्यायिक समिति समक्ष प्रतिवेदन पेश भएका छन भने बाँकी वडा नं. ५, ६ ७ र ९ मेलमिलाप केन्द्रमा कुनै प्रकारका उजुरी पेश नभएको तर कानुनी प्रक्रियाको बारेमा समाजका व्यक्तिलाई बताईरहेको भनि न्यायिक समिति समक्ष मौखिक रुपमा जानकारी प्राप्त भएको छ।

यसका साथै स्थानीय न्यायिक सहजकर्ताका लागि अभिमुखीकरण तथा क्षमता अभिवृद्धि तालिममा सहभागि भई विभिन्न गोष्टि तथा स्थानीय तहमा बाल अधिकार संरक्षण तथा सेवा प्रवाह सम्वन्धी तालिमका साथै उच्च जोखिम जनसंख्याको कानुनी सुरक्षा तथा हाम्रो सवाल हाम्रो नेतृत्व परियोजना तालिममा सहभागि भई विभिन्न कानुनी प्रक्रियाका बारेमा जानकारी प्राप्त गरियो।

अन्तमा राक्सिराङ्ग गाउँपालिकाको कुनै व्यक्तिहरु अन्यायमा नपरुन र बिना गल्ती र बिना कसुर कुनैपनि व्यक्ति राज्यको भागिदार बन्न नपरोस्, सबैले निष्पक्ष न्यायको महसुस गर्न सकुन र सम्पुर्ण नागरिकले सम्मानपुर्वक बाच्न पाउने हक तथा मौलिक अधिकारको बारेमा जानकारी पाउन र न्यायिक समिति समक्ष आफ्नो समस्या खुलाई न्यायको महसुस गर्न सकुन भन्ने उद्देश्यका साथ न्यायिक समिति र मेलमिलाप कर्ताहरुले निष्पक्ष ढंगले प्रभावकारी न्याय सम्पादन गर्न गराउन सक्ने, समाज बनाउने तर्फ न्यायिक समिति एवं मेलमिलाप कर्ताहरुले निष्पक्ष ढंगले तथा प्रभावकारी न्याय सम्पादन गर्न गराउन सक्ने, समाज बनाउने तर्फ न्यायिक समिति र गाउँपालिकाको विभिन्न कार्यक्रमका साथ अघि बढिरहेको छ र हालसम्म ९ वटै वडा स्तरिय न्यायिक समितिमा निम्नानुसार मेलमिलापकर्ताहरु कार्यरत रहेका छन्।

Scanned with CamScanner

राक्सिराङ्ग गाउँपालिका न्यायिक समिति अन्तर्गतका ९ वटै वडाका मेलमिलाप कर्ताहरुको नामावली :

| सि नं. | मेलमिलापकर्ताको नाम, थर | ठेगाना | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १ | श्री प्रताप चेपाङ | राक्सिराङ्ग- १ | ९८५५०६९७१५ | |
| २ | श्री प्रेमलाल मोक्तान | राक्सिराङ्ग- १ | ९८४५५९९५३५ | |
| ३ | श्री राम बा. स्याङ्तान | राक्सिराङ्ग- १ | ९८१५२७२४०४ | |
| ४ | श्री सुब बा.घलान | राक्सिराङ्ग- २ | ९८४५५९९५३१ | |
| ५ | श्री रुद्र बा. थापा | राक्सिराङ्ग- २ | ९८४५८०१७४१ | |
| ६ | श्री बुद्धराम मोक्तान | राक्सिराङ्ग- २ | ९८६०३८१७९२ | |
| ७ | श्री कविता बल | राक्सिराङ्ग- ३ | ९८४५६०४८१८ | |
| ८ | श्री रमा मोक्तान | राक्सिराङ्ग- ३ | ९८४५५३५८८५ | |
| ९ | श्री थल बा. थापा (सन्तोष) | राक्सिराङ्ग- ३ | ९८४०१८८०८० | |
| १० | श्री गोपिन ब्लोन | राक्सिराङ्ग- ४ | ९८६५१९२३३० | |
| ११ | श्री कोपिला गोले | राक्सिराङ्ग- ४ | ९८४५१४९०२५ | हाल वैदेशिक रोजगारमा रहेको |
| १२ | श्री सुमित्रा थिङ | राक्सिराङ्ग- ४ | | |
| १३ | श्री कमला प्रजा | राक्सिराङ्ग- ५ | ९८४५५२४२१८ | |
| १४ | श्री चन्द्र लाल प्रजा | राक्सिराङ्ग- ५ | ९८४५२३६४२८ | |
| १५ | श्री ठाकुराम थिङ | राक्सिराङ्ग- ५ | ९८४५६३९८९६ | |
| १६ | श्री डस बा. तामाङ | राक्सिराङ्ग- ६ | ९८४५१७२५०९ | |
| १७ | श्री प्रशान्त चेपाङ | राक्सिराङ्ग- ६ | ९८४५७७८८२१ | |
| १८ | श्री खुशीमायाँ तामाङ | राक्सिराङ्ग- ६ | | |
| १९ | श्री सरद लाल स्याङतान | राक्सिराङ्ग- ७ | ९८४५४३६९२१ | |
| २० | श्री काली बहादुर प्रजा | राक्सिराङ्ग- ७ | ९८१६४३०८५० | |
| २१ | श्री बिबि मायाँ गोलो | राक्सिराङ्ग- ७ | ९८६१४५०८१६ | |
| २२ | श्री राजकुमार स्याङतान | राक्सिराङ्ग- ८ | ९८६५५५४२४९<br>९८२१८१०३६१ | |
| २३ | श्री सरिता मोक्तान | राक्सिराङ्ग- ८ | ९८१७१७८३४१ | |
| २४ | श्री सुकुलाल रुम्बा | राक्सिराङ्ग- ८ | ९८४५२४२९१२ | |
| २५ | श्री दमयन्ती मल्ल | राक्सिराङ्ग- ९ | ९८६५०४८०७५ | |
| २६ | श्री कुमारी पाखीन | राक्सिराङ्ग- ९ | ९८६५०४८७३० | |
| २७ | श्री रुद्र कुमारी अर्याल | राक्सिराङ्ग- ९ | ९८६११८६१६५ | |

**उपरोक्त व्यहोराको पेश हुन आएको प्रस्तावलाई सर्वसम्मत स्वीकृत गर्ने ।**

(लाल कुमार चेपाङ)
वडा सदस्य

(सुर्य बहादुर गोले)
वडा सदस्य

(माया देवी सुनार)
वडा सदस्य

(खिल बहादुर राना मगर)
वडा सदस्य

(गोपीलाल चेपाङ)
वडा सदस्य

(टिकामाया मगर)
वडा सदस्य

(पातली दमाई)
वडा सदस्य

(केदार सुवेदी)
वडा सदस्य

(सुनिता नेपाली)
वडा सदस्य

(कर्ण बहादुर बल)
वडा सदस्य

(राजेन्द्र बल)
वडा सदस्य

(सुनमायाँ ब्लोन)
वडा सदस्य

Scanned with CamScanner

**राक्सिराङ्ग गाउँ सभा**
**एघारौं (हिउँदे) अधिवेशन**
**बैठक संख्या-१**

## गाउँ सभाको एघारौं (हिउँदे) अधिवेशनको पहिलो बैठकमा प्रस्तुत आ.व. ०७६/७७ सम्मको बेरुजु सम्परीक्षणको लागि महालेखा परीक्षकको विभागमा पठाउने" सम्बन्धी प्रस्ताव

प्रस्ताव नं. : ०३
मिति: २०७८/०९/३० गते शुक्रवार

स्थानीय सरकारमा सर्वोच्च तहको निकायको निकायको रुपमा रहेको गाउँसभाले कार्यपालिकावाट भए, गरेका काम, कारवाही प्रति जिम्मेवार बनाई शुन्य बेरुजु कायम हुने गरी नियमन र नियन्त्रण गर्ने गर्दछ । यसै सन्दर्भमा राक्सिराङ्ग गाउँ कार्यपालिकाको गत विगत आ.व.का बेरुजुहरुलाई नियमित गर्न स्थानीय सरकारको सर्वोच्च निकायको रुपमा रहेको गाउँसभावाट अनुमोदन गराउनु पर्ने हुन्छ ।

यस गाउँपालिकाको आ.व.२०७६/७७ सम्म कायम रहेको बेरुजु कार्यपालिका मार्फत गाउँसभावाट नियमित गराई फर्छ्यौट गराउनको लागि विभिन्न मितिमा बसेको बेरुजु फर्छ्यौट समिति र लेखा सिमतिको बैठकको निर्णय अनुसार निम्न बेरुजु खर्च नियमित गरी सोको संपरिक्षणको लागि महालेखा परिक्षकको कार्यालयसमक्ष अनुरोध गर्ने ।

<u>आर्थिक वर्ष २०७३/७४ वे.द.नं. ११.३ रकम रु ३४,३६,०००/-</u>

मिति २०७२ वैशाख १२ गतेको विनाशकारी भुकम्प पिडित भएकाहरु लाई *युनिसेफवाट वालवालिका राहत भत्ता वितरणको लागि साविक राक्सिराङ्ग गाविस* लाई २०७३ असारमा रु ३४,२४,०००/-साविक जिल्ला विकास समिति मार्फत निकासा भएको रकम भौगोलिक विकटता र वर्षान्तको समय रहेकोले तत्काल वितरण गर्न नसकी पछिल्लो आर्थिक वर्ष २०७३/७४ मा अल्या गरेको रु ३८,६०,७४६/- भित्र जिम्मेवारी मौज्दातमा उक्त रकम रु ३४,२४,०००/- समावेश रहेको र उक्त भत्ता वितरण तथा व्यवस्थापन प्रयोजनको लागि सञ्चालन खर्च वापत रु १२,०००/- आ.व.२०७३/७४ (मिति २०७३ माघ) मा निकासा भई वालवालिका युनिसेफ वापतको रकम कुल रु ३४,३६,०००/- भएको हो । यसरी निकासा भएको रकम मध्ये सञ्चालन तथा व्यवस्थापनमा रु १२,०००/- खर्च वालवालिका भत्ता वितरण गरि साविक जि.वि.स.मा वुझाएको भर्पाइ वाट रु २९,८०,०००/- वैंक फिर्ता साविक जिविसको खातामा रु ४,४४,०००/- समेत गरि जम्मा रु ३४,३६,०००/- खर्च भएको हो । यसरी अघिल्लो वर्षको रकम पछिल्लो वर्ष जिम्मेवारी लेख्दा वैंक मौज्दात रकम लाई शिर्पकगत आम्दानी लेखाङ्कन नगरी एकमुष्ट गत वर्ष जिम्मेवारी सारेको हुँदा सोही शिर्पकमा आम्दानी नै नभई खर्च भएको देखिएको हो तसर्थ यसरी अघिल्लो वर्ष आम्दानी भई खर्च हुन नसकी जिम्मेवारी सरेको रकम वाट पछिल्लो वर्ष खर्च/भुक्तानी भएर साविक जिल्ला विकास सिमितिमा हिसाव मिलान गरि फर्छ्यौट गरि सकेको हुँदा यसरी आम्दानी भई खर्च भएको रकमवाट सरकारी हानी नोक्सानी नदेखिएकोले खर्च नियमित गर्ने ।

<u>आर्थिक वर्ष २०७३/७४ वे.द.नं. १२.३ रकम रु ३१,४४,०००/-</u>

मिति २०७२ वैशाख १२ गतेको विनाशकारी भुकम्प पिडित भएकाहरु लाई *युनिसेफवाट वालवालिका राहत भत्ता वितरणको लागि साविक राक्सिराङ्ग गाविस* लाई २०७३ असारमा रु ३१,३२,०००/-साविक जिल्ला विकास समिति मार्फत निकासा भएको रकम भौगोलिक विकटता र वर्षांतको समय रहेकोले तत्काल वितरण गर्न नसकी पछिल्लो आर्थिक वर्ष २०७३/७४ मा अल्या गरेको रु ३७,३१,०३१/- भित्र जिम्मेवारी मौज्दातमा उक्त रकम रु ३१,३२,०००/- समावेश रहेको र उक्त भत्ता वितरण तथा व्यवस्थापन प्रयोजनको लागि सञ्चालन खर्च वापत रु १२,०००/- आ.व.२०७३/७४ (मिति २०७३ माघ) मा निकासा भई वालवालिका युनिसेफ वापतको रकम कुल रु ३१,४४,०००/- भएको हो । यसरी निकासा भएको रकम मध्ये सञ्चालन तथा व्यवस्थापनमा रु १२,०००/- खर्च

Scanned with CamScanner

बालवालिका भत्ता वितरण गरि साविक जि.वि.स.मा बुझाएको भर्पाइ बाट रु ३००४०००/- बैंक फिर्ता साविक जिविसको खातामा रु १,२८,०००/- समेत गरि जम्मा रु ३१,४४,०००/- खर्च भएको हो । यसरी अघिल्लो वर्षको रकम पछिल्लो वर्ष जिम्मेवारी लेख्दा बैंक मौज्दात रकम लाई शिर्षकगत आम्दानी लेखाङ्कन नगरी एकमुष्ट गत वर्ष जिम्मेवारी सारेको हुंदा सोही शिर्षकमा आम्दानी नै नभई खर्च भएको देखिएको हो तसर्थ यसरी अघिल्लो वर्ष आम्दानी भई खर्च हुन नसकी जिम्मेवारी सरेको रकम बाट पछिल्लो वर्ष खर्च/भुक्तानी भएर साविक जिल्ला विकास सिमितिमा हिसाब मिलान गरि फछर्यौट गरि सकेको हुँदा यसरी आम्दानी भई खर्च भएको रकमबाट सरकारी हानी नोक्सानी नदेखिएकोले खर्च नियमित गर्ने ।

आर्थिक वर्ष २०७६/७७ बे.द.नं. १५ रकम रु ४५,३८,९६५/-

नदिजन्य पदार्थको सङ्कलन/उत्खनन गर्नका लागि स्वीकृत हुने IEE प्रतिवेदनले सङ्कलन उत्खनन गर्न सकिने दैनिक परिमाण, सङ्कलन गर्न सकिने समय (असार,श्रावण,भाद्र महिना बाहेक) उत्खनन विधि,प्रकृया आदिको व्यवस्था गरेको हुने हुनाले ती तथ्यहरु लाई बिचार गर्दै तथा ठेक्का प्रकृया बढाबढ आधारमा गरिने अवस्थामा दर र परिमाण तोकिएको अङ्कमा मात्र हुँदा प्रतिस्पर्धाको ठाउँनै नरहेको हुनाले सो को अभाव पुरा गरि प्रतिस्पर्धालाई बढावा दिन साथसाथै ठेक्का लाग्ने अवस्था सुनिश्चित गर्न छुटको व्यवस्था कायम गर्न राजश्व परामर्श समितिले सिफारिस गरेको हो । तर कार्यालयले निकासी गर्न दिएको परिमाण १७६९५४६.८९ घन फिट दर रु ९/- प्रति घनफिटका हिसावले हुन आउने कुल रु १५९२५९२२/- कायम गरी ठेक्का सुचना प्रकाशन गरेको हुँदा १० प्रतिशत प्रशासनिक खर्च तथा १५ प्रतिशत ओभरहेड वापत सुचनाबाट छुट दिएको छैन । (राजश्व परामर्श समितिको सिफारिस बमोजिम परिमाण २३५९३९५.८६ घनफिटको दर रु ९/- प्रति घनफिटको हिसाबले रु २१२३४५६२.७४ हुन पर्नेमा न्युनतम अङ्क रु १५९२५९२२/- कायम गरिएको भए छुट दिई सुचना प्रकाशन गरेको मानिने थियो)

यसरी ठेक्का सकार गर्ने ठेकेदारले बोलकबोल गर्दा कार्यालयले तोकेको न्युनतम अङ्क भन्दा बढेर कवोल गर्दा कार्यालयमा वढी रकम दाखिला भएको हुनाले कार्यालयलाई हानी नोक्सानी भएको अवस्था नै नरहेको हुँदा उक्त वेरुजु नियमित गर्ने ।

आर्थिक वर्ष २०७६/७७ बे.द.नं. ३५ रकम रु २,५८,७५०/-

गाउँपालिका भित्रको विभिन्न स्थानमा वर्षाबाट क्ष्यति पुर्याएको सडक/पहिरो सरसफाई गर्ने प्रयोजनले खरिद गरिएको इन्धन बील भर्पाइ प्राविधिक मुल्याङ्कन लगायतको कागजात सक्कलै रहेको अवस्थामा भुक्तानी लेखिने कार्य भएकोले खर्च दुरुपयोग नभई सरकारी हानी नोक्सानी नभएको हुँदा उक्त बेरुजु नियमित गर्ने ।

आर्थिक वर्ष २०७६/७७ बे.द.नं. ४१ रकम रु १८,१६,१३२/-

झोलुङ्गेपुल निर्माणको लागि खरिद भएको स्टील पाट्र्स फेब्रिकेशन सामानहरु गोठारी साईटार झो.पु.र कोखारी काङसिराङ्ग झो.पु. २ वटा झोलुङ्गे पुल निर्माणको लागि खरिद गरिएकोमा कार्यालयमा दाखिला भएको र सो सामाग्रीहरु सम्वन्धीत उपभोक्ता समितिले हस्तान्तरण गरी बुझी लगेको र उत्त सामाग्रीहरु सम्बन्धीत पुलमा प्रयोग भएको प्राविधिक प्रतिवेदन संलग्न गरी भुक्तानी दिएको हुँदा उक्त भुक्तानीबाट सरकारी हानी नोक्सानी नभएकोले उक्त बेरुजु नियमित गर्ने ।

आर्थिक वर्ष २०७६/७७ बे.द.नं. ४४ रकम रु १६,००,०००/-

गाउँपालिकाबाट स्वीकृत भएको सबै खाले निर्माणका योजनाहरु कार्यान्वयन गर्दा सम्बन्धित क्षेत्रकै उपभोग गर्ने समुदायहरु लाई सहभागी गराई उपभोक्ता समिति गठन गरी निर्माण सम्बन्धी काममा सबै खाले सामाग्रीहरु समिति मार्फत नै खरिद गरी उ.स.वाट प्राविधिक सहितको कार्य सम्पन्न प्रतिवेदन बील भर्पाई कागजातको आधारमा भुक्तानी हुने

Scanned with CamScanner

गरेको हुँदा खरिद कार्य मात्रै उ.स.ले नगरी खरिद भएका सामाग्रीहरु जडान गरी खानेपानी योजना सम्पन्न गरेकोले आगामी दिनमा प्राप्त राय सुझाव लाई मनन गर्दै हाल भएको भुक्तानी बाट सरकारी हानी नोक्सानी नभई खानेपानी योजनाको संरचना निर्माण कार्यमा सदुपयोग भएको हुँदा उक्त नियमित गर्ने ।

आर्थिक वर्ष २०७६/७७ बे.द.नं. ७४ रकम रु २६,१५,०००/-

यस गाउँपालिका क्षेत्राधिकार भित्र रहेका विभिन्न विद्यालयहरुमा तत्कालिन शिक्षा नियमावली २०५९ नियम ९२ को अनुसुची-१२ मा भएको व्यवस्था अनुसार प्राथमिक तह/नि.मा.वि.तह र मा.वि.तह सञ्चालनको लागि अनुमति प्राप्त भएपश्चात तह अनुसारको अध्ययन अध्यापन हुने गरी प्रा.वि.कक्षा २-३ जना, नि.मा.वि.कक्षा ६-८ जना सञ्चालनमा अंग्रेजी गणित/विज्ञान नेपाली/संस्कृत र सामाजिक विषय अध्यापन गराउन ४ जना एस.एल.सी.वा सो सरह उत्तिर्ण ३ जना समेत गरी ७ जना र मा.वि.कक्षा ९-१२ सञ्चालनमा ९ जना शिक्षक रहने व्यवस्था रहेकोमा आफ्नो श्रोत साधनबाट विद्यालय सञ्चालनको लागि अनुमति प्रदान अनुसार विद्यार्थी संख्यात्मक अनुपात र विषय अनुसारको आधारमा शिक्षक नियुक्ती गरी पठन-पाठन हुँदै आएको र स्थानीय सरकारले निर्धारण गरेको स्थानीय शिक्षा एन-२०७४ को विद्यालय कोष दफा ४५(१), दफा ४६(१) मा अनुदानको व्यवस्था यो विधेक प्रारम्भ हुँदाका वखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ । एनको दफा ४६(२) मा गाउँपालिकाले सामुदायिक विद्यालयहरु लाई तोकिए वमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ । र साथै नेपाल सरकार मार्फत प्राप्त शिक्षक तलव भत्ताले नपुग हुने भएमा गाउँपालिकाले वित्तिय समानिरण अनुदान शिर्षकवाट समेत उपलब्ध गराउने उल्लेख भएनुसार विद्यार्थी संख्याको आधारमा नेपाल सरकारवाट हस्तान्तरीत भएका शिक्षक नपुग भई स्थानीय तहबाटै विद्यालयको पठन-पाठन शैक्षिक गुणस्तर सुधार लगायतका कार्यमा लाग्ने खर्च विगत वर्ष देखि नै व्यहोरिदै आएको छ । कतिपय विद्यालयहरुमा दरवन्दी रहेको तर पदपुर्ति प्रकृया स्थानीय तहले गर्न सक्ने कानुन नभएको कारण शिक्षक अपुग भई पठन-पाठन लाई प्रभाव पारेकोले शिक्षकहरुको दरवन्दी मिलान समायोजन कार्य स्थानीय तहवाट पहल हुदै गरेको छ । स्थानीय सरकारको हैसियतले आफ्नो क्षेत्रभित्रका विद्यालयहरुमा पठन-पाठन सञ्चालनमा टेवा पुगोस/अवरोध नहोस भन्ने असल मनसायले बार्षिक बजेट स्वीकृत गरि विभिन्न विद्यालय लाई अनुदान खर्च लेखिएको रु २६,१५,०००/- पुर्ण रुपमा सदुपयोग भएको छ यसवाट सरकारी हानी नोक्सानी नभएको हुँदा यो अनुदान खर्च नियमित गर्ने ।

**उपरोक्त व्यहोराको पेश हुन आएको प्रस्तावलाई सर्वसम्मत स्वीकृत गर्ने ।**

(लाल कुमार चेपाङ)
वडा सदस्य

(सुर्य बहादुर गोले)
वडा सदस्य

(माया देवी सुनार)
वडा सदस्य

(खिल बहादुर राना मगर)
वडा सदस्य

(गोपीलाल चेपाङ)
वडा सदस्य

(टिकामाया मगर)
वडा सदस्य

(पातली दमाई)
वडा सदस्य

(केदार सुवेदी)
वडा सदस्य

(सुनिता नेपाली)
वडा सदस्य

(कर्ण बहादुर बल)
वडा सदस्य

(राजेन्द्र बल)
वडा सदस्य

(सुनमायाँ ब्लोन)
वडा सदस्य

Scanned with CamScanner